"स्वच्छ समृद्ध सुसंस्कृत इलाम"

# इलाम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कुवाधारा, इलाम
## Ilam Municipality
## Office of the Municipal Executive

☎प्रमुख / उप प्रमुख ...........
का.अ. / लेखा ५२००६०
योजना / प्रशासन ५२००६५
दमकल / खानेपानी ५२००३०
फ्याक्स नं. ५२००३१

१ नं. प्रदेश, नेपाल

प.सं. : प्र.शा.( )०७५।०७६
च.नं.

मिति:- २०७५।१०।२०

**इलाम नगरपालिका,**
**नगर कार्यपालिकाको कार्यालय इलामको**
**करारमा नगर प्रहरी पदपूर्ति गर्ने सम्बन्धी सूचना**
**प्रथम पटक प्रकाशित मिति २०७५।१०।२१**

इलाम नगरपालिका, नगर प्रहरी ऐन, २०७५ अनुसार तपसिल बमोजिमको संख्या र योग्यता भएका व्यक्तिलाई नगरप्रहरी सेवाको लागि छनौट गरी करारमा राख्नु पर्ने भएकोले योग्यता पुगेको इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १० (दस) दिन सम्म कार्यालय समय भित्र यस कार्यालयको राजश्व शाखामा तोकिएको राजश्व तिरी रसिदसहित दरखास्त दिन हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ । आवश्यक पदको दरखास्त फाराम, दरखास्त दस्तुर, कार्यविवरण, सेवाका शर्तहरु लगायतका विस्तृत विवरण कार्यालयको सूचना पाटी वा कार्यालयको वेभसाइट www.ilammun.gov.np मा उपलब्ध छ । यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा इलाम नगरपालिका, नगर प्रहरी ऐन, २०७५ एवं प्रचलित नेपाल कानुनमा उल्लेख भए अनुसार हुनेछ ।

**निम्न :**

| विज्ञापन नं. | पद | तह | आश्यक शैक्षिक योग्यता | उमेर | आवश्यक संख्या | परीक्षा दस्तुर | मासिक पारिश्रमिक |
|---|---|---|---|---|---|---|---|
| १।०७५।०७६ | नगर प्रहरी नायव निरीक्षक | पाँचौ | कुनै पनि विषयमा प्रमाण पत्र तह वा प्लस टु वा १२ कक्षा पास गरी नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बलको समान पदबाट सेवा निवृत भएको स्वास्थ्य अवस्था तन्दुरुस्त भएको । | १८ वर्ष पूरा भई ५० वर्ष ननाघेको | १(एक) | ७००।०० | नगरपालिका बाट तोकिए अनुसार |
| २।०७५।०७६ | नगर प्रहरी सहायक निरिक्षक | चौथो | कुनै पनि विषयमा एस.एल.सी. वा एस.इ.इ. वा सो सरह पास गरी नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बलको समान पदबाट सेवा निवृत भएको स्वास्थ्य अवस्था तन्दुरुस्त भएको । | १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको | १(एक) | ५००।०० | नगरपालिका बाट तोकिए अनुसार |
| ३।०७५।०७६ | नगर प्रहरी जवान | दोश्रो | आठौं कक्षा पास गरी नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बलको समान पदबाट सेवा निवृत भएको स्वास्थ्य अवस्था तन्दुरुस्त भएको । | १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको | ५ (पाँच) (दुई सिट महिलाका लागि) | ५००।०० | नगरपालिका बाट तोकिए अनुसार |
| ४।०७५।०७६ | हलुका सवारी चालक | श्रेणीविहीन | सामान्य लेखपढ गर्ने र हलुका सवारी चालक अनुमति पत्र लिई कम्तिमा ५ वर्षको कार्य अनुभव हासिल गरेको । | १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको | २ | ५००।०० | नगरपालिका बाट तोकिए अनुसार |
| द्रष्टव्य : नगर प्रहरी नायव निरीक्षक र नगर प्रहरी सहायक निरीक्षक पदमा योग्य बन्न समान पदमा आवश्यक शैक्षिक योग्यता भएका दुई तह मुनिको पदबाट सेवा निवृत व्यक्ति पनि योग्य मानिनेछ । | | | | | | | |

**अन्य**

- नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी वलमा कारवाही परेको, सेवाबाट भागी कारवाहीको सूचीमा रहेको वा अन्य गैरकानुनी काममा संलग्न रहेको, नैतिक पतन देखिने फौजदारी अभियोगमा कसूरदार प्रमाणित भएको, वैंक तथा वित्तीय संस्थाको कालो सूचीमा परेको, भविष्यमा सरकारी सेवा वा नेपाल सरकारको स्वामित्वमा भएको संस्था वा विकास समितिको सेवाको निमित्त अयोग्य ठहरिने गरी कुनै पनि सेवाबाट बर्खास्त भएको व्यक्ति नगर प्रहरी सेवाका लागि अयोग्य मानिनेछ ।
- नगर प्रहरी जवानका लागि आवश्यक संख्या ५ (पाँच) मध्ये २ (दुई) सिट महिलाका लागि सुरक्षित राखिएको छ ।
- दरखास्त फाराम यस कार्यालयको राजश्व शाखाबाट उपलब्ध हुनेछ ।
- दरखास्तसाथ उम्मेदवारले व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणपत्रको प्रतिलिपि र प्रचलित कानुनद्वारा तोकिएका अन्य कागजातहरु पेश गर्नु पर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत